अनुसूची-२

# गंगाजमुना गाउँपालिकाको
# पाँचौ गाउँसभामा उपाध्यक्ष श्री एन्जिला तामाङद्धारा प्रस्तुत
# आ.व. २०७६/७७ को
# बजेट बक्तब्य

१० असार, २०७६

यस गरिमामय सभाका अध्यक्ष महोदय,प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथी ज्यूहरु, अतिथी ज्यूहरु, सभाका सदस्यज्यूहरु, शिक्षक शिक्षिका ज्यूहरु, समाजसेवी, बुद्धिजिवी वर्गहरु, सुरक्षाकर्मि ज्यूहरु, पत्रकार ज्यूहरु कर्मचारी साथिहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक नमस्कार ।,

नेपालको संविधान २०७२ अनुसार गठित स्थानीय सरकारको रुपमा रहेको यससम्मानित सभामा आर्थिक बर्ष २०७६/७७ को बजेट प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै खुशी लागेको छ । यस ऐतिहासिक अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि इतिहाँसको विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरण सँगै संघियता कार्यान्वयनको मार्गप्रशस्तभएको छ । साथै, मुलुकको आर्थिक सम्वृद्धिको मार्ग तय गर्ने र स्थानीयस्तरमा लोकतन्त्रको अभ्यास गर्ने अवसर जुटेको छ । स्थानिय जनप्रतिनिधिको रुपमा निर्वाचित भएर हामी जनप्रतिनिधिहरुले आ-आफ्नो जिम्मेवारी सम्हालेको पनि दुई वर्ष पुरा भईसकेको छ । यस विचमा यस गंगाजमुना गाउँपालिकालाई समय सापेक्ष रुपमा आबश्यक आबधिक तथा दिर्घकालिन नीति तथा कार्यक्रम तय गरी सोही अनुरुप बजेटको बाँडफाँड गरी  तपाईहामीले चाहे जस्तो समृद्ध, समुन्नत तथा सुशासनयुक्त गाउँपालिकाको रुपमा पहिचान स्थापना गराउने प्रयासमा हामी निरन्तर लागी परीरहेका छौ । विगत दुई आर्थिक वर्षको बजेट निर्माण र कार्यान्वयनमा हामिले निश्चयनै धेरै अप्ठ्यारा र चुनौतिहरुको सामना गरेका छौ । यी अप्ठ्यारा र चुनौतिहरुले हामीलाई धेरै अनुभव र पाठ सिकाएका छन् । यीनै विगत वर्षहरुका अनुभव र भावि दिनका सम्भावित आवश्यकताहरुलाई मध्येनजर गर्दैहामिले आगामी आ.व.को लागि तयार पारेकावजेटका मुलभुत उद्देश्यहरु सम्नानित सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**बजेटका उद्देश्यहरु**

- नेपालको संविधान वमोजिम संघियताको र्कायान्वयनमा सघाई यस गंगाजमुना गाउँपालिकावासी जनतालाई अधिकार सम्पन्न भएको आभास दिलाउने ।
- गाउँको बिकासमा जनताको सहभागिता र अपनत्व महसुस गराउने ।
- जनताको माग र गाउँको प्राथमिकता वमोजिम विकास व्यवस्थापन गर्ने ।
- निर्वाहमुखी कृषि प्रणालीलाई ब्यवसायिक कृषि प्रणालिको रुपमा बिकास गर्न कृषकलाइ उत्प्रेरित गर्ने ।
- कृषि र पशुजन्य उत्पादनमा आत्मनिर्भर वनाउन सहयोग गर्ने।

- व्यवस्थित शहरीकरणको लागि दिर्घकालिन रणनीति बनाइ **"सुरक्षीत, सुन्दर र सम्बृद्ध गंगाजमुनाकृषि, पर्यटन र जडिवुटी हाम्रो चाहना"** भन्ने नारालाइ सार्थक बनाउन प्रस्थानबिन्दुको रुपमा अगाडी बढाउने ।
- सिपमुलक तालिम र प्राबिधिक शिक्षाको माध्यमबाट रोजगारी र स्वरोजगारी सृजना गरि जनताको जिवनस्तर सुधार गर्ने ।

उपरोक्त उद्देश्य हासिल गर्न बजेट तथा कार्यक्रम विच तादाम्यता कायम गर्न योजना तर्जुमाको प्रारम्भिक चरण देखिनै यथोचित ध्यान दिईएको छ । बजेट तर्जुमाको निम्न पद्धति अबलम्बन गरी बजेट तथा कार्यक्रमलाई जनमुखी, यथार्थपरक, दिगो र प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

- अन्तर सरकारी वित्तीय हस्तान्तरणको माध्यमबाट नेपाल सरकारबाट शसर्त एवं वित्तिय समानिकरण, राजस्व बाँडफाँड , प्रदेश सरकारवाट विभिन्न शिर्षकमा अनुदान वापत प्राप्त सिमा,
- आन्तरिक आयको अनुमान,
- चालु आ.व.को अनुमानित मौज्दात,
- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट बजेट सिमा निर्धारण,
- वस्ती स्तरबाट नागरिकका आवश्यकता र माग संकलन,
- वडा समितिमा छलफल,
- वडाबाट प्राथमिकता सहित योजना कार्यक्रम सिफारिस,
- बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल,
- प्राथमिकता क्षेत्र निर्धारण गरी बजेट विनियोजन

योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता र अपेक्षानुकुल बनाउन तथा बजेट विनियोजनलाई सहज बनाई कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रस्तुत बजेट तथा कार्यक्रममा समावेशमा भएका योजना, कार्यक्रम तथा आयोजनाहरुलाई निम्न आधारमा प्राथमिकीकरण निर्धारण गरिएको छ ।

क. पुर्वाधार विकास र गरिबी न्यूनीकरणमा योगदान पु-र्याउने,

ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने,

ग. राजस्व परिचालनमा योगदान पुऱ्याउने,

घ. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

ङ. स्थानीय श्रोत साधानमा आधारित भई जनसहगिता अभिवृद्धि गर्ने,

च. लैगिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

छ. दिगो विकास र वातावरण संरक्षमा योगदान पुर्याउने,

ज. विशेष संस्कृति र जातीय पहिचान पहिचान प्रवर्द्धन गर्ने,

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७६/०७७ को अनुमानित आय व्यय र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

## आय तर्फ

प्रस्तुत बजेटको आयको ठुलो हिस्सा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदान तफ १४ करोड ५२ लाखर वित्तिय समानिकरण अनुदान तर्फ रु.१२ करोड ४३ लाख, राजस्व, बाँडफाँडवाट प्राप्त रकम रु७ करोड ३३ लाख, रोयल्टी बाँडफाँड वापत रु २ लाख ९ हजार ३ सय ५१ प्रदेश सरकारवाट  वित्तिय समानिकरण अनुदान तर्फ  रु ९९ लाख, ५९ हजार, सशर्त तर्फ रु २२ लाख ७२ हजार राजस्व बाँडफाँड वापत रु १ करोड १५ लालख, ४९ हजार आन्तरिक राजश्वबाट रु.७० लाख (अनुमानीत)र अघिल्लो आ.व.को मौज्दात रु २ करोड (अनुमानित) गरी जम्मा ३९ करोड ३७ लाख, ८९ हजार ३ सय ५१ रुपैंया विनियोजन गरिएको छ ।

## व्ययतर्फ

चालु शीर्षक अन्तरर्गत गाउँकार्यपालिका तथा सवै वडा कार्यालयहरुको सञ्चालन लगायत  निर्वाचित पदाधिकारीको भत्ता, सुविधा, कर्मचारी तलब, भत्ता तथा अन्य सुविधा, कार्यालय सञ्चालन लगायत प्रशासनिक खर्च,तर्फ जम्मा रु ४ करोड ७५ लाख रकम विनियोजन गरिएको छ ।  गाउँपालिकाको पुँजिगत खर्चतर्फरु १९ करोड ८८ लाख १७ हजार ३ सय ५१ रकम विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यस गंगाजमुना गाउँपालिकाले विभिन्न शिषर्कहरुमा विनियाजन गरेको रकम प्रस्तुत गर्न चाहन्छु ।

## १. भौतिक संरचना तथा पुर्वाधार विकास तर्फ

पुर्वाधार विकास समग्र विकासको मेरुदण्ड भएकोले गाउँपालिकाको पुर्वाधार विकासमा विशेष जोड दिईएको छ । पुर्वाधार विकास तर्फ मुलतः D.P.R. भईसकेका सडकहरु तथा अन्य भौतिक संरचनाहरुको निर्माणको लागि जम्मा रु ४ करोड, नयाँ सडक निर्माण तथा मर्मत तर्फ रु १ करोड ८७ लाख, गाउँपालिका भवन निर्माणको लागि १ करोड, वडा भवन निर्माणको लागि रु ९० लाख गरी जम्मा रु ७ करोड ७७ लाख रकम विनियोजन गरिएको छ ।

**आर्थिक विकास तर्फ**

व्यवसायिक कृषि, पशुपालन जस्ता क्षेत्रहरुले जनताको जिवनस्तर उकास्न प्रत्यक्ष प्रभाव पार्ने भएकोले उक्त क्षेत्रहरुको विकासको लागि समुचित ध्यान दिइएको छ । कृषि, पशु जस्ता क्षेत्रहरुमा केन्द्रिय सरकारवाट विनियोजन भई आएको शशर्त कार्यक्रम वाहेक उक्त क्षेत्रहरुको लागि जम्मा रु १ करोड विनियोजन गरिएको छ ।

**पर्यटन विकास तर्फ :**

संघिय सरकारले राज्यको विकासमा प्रत्यक्ष रुपमा टेवा पुर्‍याउने भनि पहिचान गरेका तीन मुख्य क्षेत्रहरु कृषि, जलश्रोत र पर्यटन मध्ये पर्यटन पनि एक प्रमुख क्षेत्र हो । यस गंगाजमुना गाउँपालिकामा पनि पर्यटन प्रवर्द्धनको लागि प्रचुर सम्भावना रहेकोले गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय  क्षेत्रहरुको विकासको लागि गाउँपालिका स्तरवाट जम्मा रु २५ लाख विनियोजन गरिएको छ ।

**खानेपानी तथा सिंचाई तर्फ :**

खानेपानी तथा सरसफाई, सिंचाई लगायतका कार्यक्रमको लागि वडास्तरवाट छनौट भएका योजनाहरु वाहेक गाउँपालिकास्तरवाट जम्मा रु ३० लाख विनियोजन गरिएको छ ।

**बन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तर्फ :**

बढ्दो शहरिकरण, औद्योगीकरण, सवारी साधनको बढ्दो प्रयोग सँगै देखिएको जलवायु परिवर्तनका असरहरुको न्युनिकरण वारे समुदायस्तरमा जनचेतना अभिवृदि गर्ने, बन तथा वनस्पतिको संरक्षण, वृक्षारोपण, फोहोरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापन लगायतका क्रियाकलाप सञ्चालन गर्नको लागि गाउँपालिकास्तरवाट जम्मा रु १० लाख विनियोजन गरिएको छ ।

**स्वास्थ्यतर्फः**

स्वस्थ व्यक्ति स्वस्थ समाज निर्माणको आधार भएकोले यस गाउपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुमा औषधीको कुनै कमि हुन नदिन तथा स्वास्थ्य शिविर संचालन गरि गंगाजमुना गाउँपालिकावासीहरुलाई स्वास्थ्य सम्वन्धी समस्याहरुको निराकरण, न्युनतम तथा आधारभुत स्वास्थ्य सेवालाई जनताको मौलिक हकको रुपमा स्थापित गराउनको लागि स्वास्थ्य क्षेत्र तर्फ रु ९० लाख वजेट विनियोजन गरिएको छ ।

**शिक्षा तर्फ :**

शिक्षा समाज रुपान्तरणको आधार भएकोले गंगाजमुना गाउपालिका भित्र रहेका  विद्यालयहरुमा  प्रविधिमैत्रि शिक्षा लाई मध्येनजर गर्दै विश्वव्यापीकरणले सिर्जना गरेका नविनतम प्रविधिलाई यस गाउपालिका भित्र संवोधन गर्न तथा विद्यालय शिक्षालाई व्यवस्थित तथा मर्यादित तुल्याउदै यस गाउपालिका भित्र रहेका वालवालिकाको भविष्य उज्जल वनाउनको लागी शिक्षा क्षेत्रतर्फ जम्मा रु १ करोड विनियोजन गरिएको छ ।

**महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, अपाङ्ग लगाएतका लक्षित वर्ग तथा समुदाय सम्बन्धी कार्यक्रम तर्फः**

अन्याय,हिंसा,उत्पीडनमा परेका महिला, पिछडिएका गरिव परिवारका वालवालिका, दलित परिवार, शारीरिक रुपले अशक्त,अपाङ्ग, जेष्ठ नागरिक, तथा विकासको मुलधारवाट वञ्चितीमा परेका तथा पारिएका जातजाती,भाषाभाषी लगायतलाई विकासको मुल प्रवाहमा ल्याउन, शासन, अवसर र श्रोत साधनमा उनिहरुको पहिचान, पहँच, र प्रतिनिधित्व स्थापित गर्न को लागि विभिन्न लक्षित कार्यक्रमहरु संचालन गर्नको लागी रु गाउँपालिकास्तरवाट जम्मा रु १० लाख  विनियोजन गरिएको छ ।

**सुचना प्रविधि तर्फः**

सेवा प्रवाहलाई सुचना प्रविधिमैत्री बनाउँदै चुस्त,दुरुस्त,जनमुखी,पारदर्शि, मितव्ययी र शुसासन युक्त गंगाजमुना गाउपालिकाको रुपमा स्थापित गराउनको लागी सुचना प्रविधि क्षेत्रको विकासको लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

**साझेदारी कार्यक्रम :**

विकासको प्रमुख आधारको रुपमा रहेको तीन खम्वे अर्थ नीतिलाई संवोधन गर्नको लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा कार्यक्षेत्र रहेका संघसंस्था तथा संघ तथा प्रदेश वाट लगानी साझेदारीमा आउन सक्ने सम्भावित कार्यक्रमहरुको लागि साझेदारी कार्यक्रम शिर्षकमा जम्मा रु २० लाख विनियोजन गरिएको छ ।

**खेलकुद कार्यक्रम :**

स्थानिय स्तरमा आयोजना गर्न सकिने खेलकुदको आयोजना गरि स्थानिय स्तरमा रहेका युवा प्रतिभाहरुको क्षमताको उचित पहिचान गरि राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका खेलाडि उत्पादन गर्ने आधार तयार गर्नको लागि खेलकुद क्षेत्रमा जम्मा रु १० लाख विनियोजन गरिएको छ ।

माथि उल्लिखित शिर्षकहरुको अतिरिक्त ७ वटै वडाका वडा समितिवाट सिफारिस भई आएका योजनाहरुको लागि जम्मा रु ४ करोड ८० लाख, फर्निचर तथा फिक्चर शिर्षकमा रु १० लाख, सवारी साधनको लागि रु १० लाख, मेसिनरी औजार शिर्षकको लागि रु ३ लाख, मर्मत सम्भार कोषको लागि रु ५ लाख तथा विद्युतिकरणको लागि रु ५० लाख विनियोजन गरिएको छ, आ.वं २०७५।७६ मा संझौता भई कार्यसम्पन्न हुन वाँकि योजनाहरुलाई प्राविधिक नापजाँज तथा अनुगमन समितिको प्रतिवेदनको आधारमा कार्यसम्पन्न भय पश्चात भुक्तानी दिनको लागि र बजेट बाँकी रहेमा हिउँदे सभा /कार्यपालिका बैठकले योजनाहरुमा विनियोजन गर्न सक्ने गरी जम्मा रु १ करोड ५३ लाख १७ हजार ३ सय ५१ रुपैंया विनियोजन गरिएको छ । त्यसैगरी भैपरी कोषको लागि रु १ करोड विनियोजन गरिएको छ ।

चालु आ.व. ०७५।७६ मा पुर्वाधार क्षेत्र विकास, सामाजिक विकास, संस्थागत विकास, आर्थिक विकास लगायत विभिन्न विषयमा केन्द्रित भई कार्यक्रम निर्धारण गरिएका र तदनुरुप योजना तथा कार्यक्रमहरु गरिएका थिए । गाउँपालिकाको कुल बजेटमध्ये चालु आ.व.०७५।७६ मा चालु तर्फ रु ४ करोड ४० लाख, र पुँजीगतमारु २० करोड ६६ लाख ६९ हजार विनियोजनगरिएकोमा २०७६ जेष्ठ मसान्त सम्ममा चालु तर्फ रु. २ करोड ५९ लाख ५० हजार र पुँजिगत तर्फ रु १४ करोड ६२ लाख, १० हजार खर्च भई चालु र पुँजीगत तर्फ क्रमशः करिव ५९ % प्रतिशत र७०.७५ % प्रतिशत वित्तीय प्रगति (खर्च) भएको देखिन्छ । त्यसै गरी केन्द्र शसर्त तर्फको जम्मा रु १२ करोड ६५ लाख वजेट मध्ये रु १२,२०,८०,००० खर्चभई ९६.५ % प्रतिशत वित्तिय प्रगती भएको देखिन्छ ।

सभाध्यक्षज्यू**,**

मुलुकमा संघीयता लागु भई स्थानीय तह घोषणा भए सँगै हामी आफैले स्थानीय तहबाटै आर्थिक, भौतिक, सामाजिक तवरले फड्को मार्नुपर्ने चुनौती थपिएको छ । सामाजिक क्षेत्र तथा भौतिक पुर्वाधार मा

उल्लेखनीय रुपमा विनियोजन गरिएको यो बजेटबाट समृद्ध गंगाजमुना गाउँपालिकाको शुरुवात हुनेमा मैले विश्वास लिएकी छु । बजेटको पुर्ण कार्यान्वयनले जनतामा स्थानीय तहमा सरकारको उपस्थितिको अनुभुति हुनेछ भन्नेमा पनि आशावादी छु । यो बजेटको सिद्धान्त र प्राथमिकतामा प्राप्त विभिन्न सुझावका लागि विभिन्न राजनितिक दलका पदाधिकारीज्यूहरु,गाउँवासीहरु, शिक्षक, वुद्धिजिवीहरु, समाजसेवी, र पत्रकारमित्रहरु प्रती म आभारी छु । बजेट निर्माणका क्रममा अहोरात्र खटिने गाउँपालिकाकासम्पुर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, गाउँपालिकाको विकासमा सहयोग पुर्‍याउने सबै करदाताहरु, विभिन्न संघ संस्थाहरु तथा आम गंगाजमुना गाउँपालिका वासी बुवा आमा, दिदी बहिनी, दाजुभाईलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पुर्ण सहयोग पाउने अपेक्षा सहित विदा हुन्छु ।

धन्यवाद

नमस्कार